# रामग्राम नगरपालिकाको सूचना

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश

परासी बजार क्षेत्रमा सवारी साधनको आवत जावत र पार्किङ्गलाई व्यवस्थीत गर्न, सम्भाब्य दुर्घटनालाई न्यूनीकरण गर्न र बजार क्षेत्रको सुन्दरतालाई बढावा गर्न आवश्यक रहेकोले देहाय बमोजिम गर्नु गराउनु हुन सम्बन्धीत सबैमा सूचित गरीन्छ ।

१. बजार क्षेत्रमा दैनिक आलोपालो हुने गरी एकातर्फ (One Side) मात्र पार्किङ्ग गर्ने ।

२. झरही खोलाको सेतो पूलदेखि पोखरापाली जोड्ने पूल सम्म र बालगोविन्द पेट्रोल पम्पदेखि बुद्ध चोक हुदै लोकतान्त्रिक चोक सम्मको बजार क्षेत्रमा हर्न नबजाउने ।

३. विद्यालय र कार्यालय खुल्ने र बन्द हुने समयमा बढि भिडभाड हुने हुँदा सम्भाव्य दुर्घटनालाई न्यूनीकरण गर्न परासी बजार क्षेत्रमा पूर्वतर्फ झरही खोलाको सेतोपूल रहेको वाइपास चोक, पश्चिमतर्फ पोखरापाली जोड्ने पूल र दक्षिणतर्फ बालगोविन्द पेटोल पम्प रहेको चोक र उत्तरतर्फ निलोगेटबाट बिहान ९ बजे देखि ११ बजे सम्म र साँझ ३:३० देखि ५:३० बजेसम्म ट्रेक्टर, टि्प्पर, टेलर, ट्रक जस्ता हेवी सवारी साधन र अन्य मालवाहक सवारी साधनहरु प्रवेश नगर्ने / नगराउने ।

४. ठेला व्यापारीहरुले बजार क्षेत्रमा ठेला रोकेर व्यापार नगर्ने, अटो रिक्साहरुले ठुला सवारीको आवतजावतमा असर पर्ने गरी जहातही पार्किङ्ग नगर्ने । बजार क्षेत्रमा रोकेर नबस्ने ।

५.पैदलयात्री हिड्न बनाइएका सडक पेटी तथा सडक किनारामा अवरोध हुने गरी व्यापार व्यवसाय नगर्ने। पैदलयात्रीले फुटपाथ तथा सडक किनाराको प्रयोग गर्ने । जथाभावी बाटो नकाट्ने ।

६. सडक छेउमा निर्माण कार्य गर्ने नगरवासीले विकल्प भएसम्म सडकमा निर्माण सामग्री नराख्ने । विकल्प नै नभई सडक छेउमा राख्न परेमा नगरपालिकाको अनुमती लिएर मात्र सवारी साधनको आवतजावतमा अवरोध नहुने गरी मात्र राख्ने ।

७. पशुधनीहरुले आफ्ना पशु चौपायाहरु खुल्ला रुपमा नछाडने ।

८.बजार क्षेत्रभित्र चल्ने सवारी साधनले प्रतिघण्टा २० कि.मि. भन्दा बढिको गतिमा सवारी नचलाउने ।

उल्लेखीत कुराहरुको कार्यान्यवनमा खटिने ट्राफिक प्रहरी, नगर प्रहरीलाई आवश्यक सहयोग गर्नुहुनका साथै सम्पुर्ण सरोकारवालाहरुले पालना गरी सुन्दर र व्यवस्थित परासी बजार बनाउने अभियानलाई सहयोग गर्नुहुन सबैमा अनुरोध छ । अटेर गरी यी नियमको उल्लघंन गरेमा नियमानुसार कारवाही गरीने व्यहोरा समेत सूचीत गरीन्छ ।

रुद्र प्रसाद रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

अनुरोधक:

रामग्राम नगरपालिका